# तारकेश्वर नगरपालिका सहकारी संस्था दर्ता मापदण्ड, २०७८

**प्रमाणीकरण मितिः २०७८।१२।२४**

**प्रस्तावना** : सहकारी सम्बन्धी कानून र सहकारीको अन्तर्राष्ट्रिय मूल्य र सिद्धान्तहरुको अनुसरण गर्दै सहकारी संस्थाहरुको दर्ता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न तारकेश्वर नगरपालिका सहकारी ऐन, २०७६ को दफा (५), (६) र (७) तथा तारकेश्वर नगरपालिका सहकारी नियमावली, २०७८ को दफा (४) को प्रयोजनको लागि तारकेश्वर नगरकार्यपालिकाले तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो मापदण्डको नाम "तारकेश्वर नगरपालिका सहकारी संस्था दर्ता मापदण्ड, २०७८" रहेको छ।

(२) तारकेश्वर नगरपालिका नगरकार्यपालिकाको कार्यालयद्वार स्वीकृत यो मापदण्ड २०७९ बैशाख १ गते देखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले तारकेश्वर नगरपालिका सहकारी ऐन, २०७६ सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले तारकेश्वर नगरपालिकाको सहकारी नियमावली, २०७८ सम्झनु पर्छ।

(ग) "दर्ता अधिकारी" भन्नाले तारकेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारीलाई जनाउनेछ।

(घ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पुँजीको विभाजित अंशलाई जनाउंछ।

(ङ) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको विनियमलाई सम्झनु पर्छ।

(च) "संचालक" भन्नाले यस विनियम वमोजिम निर्वाचित संस्थाका संचालकलाई सम्झनुपर्छ, सो शव्दले अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव एवं सदस्यहरुलाई समेत जनाउनेछ।

(छ) "समिति" भन्नाले संस्थाको संचालक समितिलाई सम्झनुपर्छ ।

(ज) "नियमनकारी निकाय" भन्नाले सहकारी सम्बन्धी नियमन गर्ने निकाय सम्झनु पर्दछ ।

(झ) "व्यवसाय" भन्नाले सहकारी संस्थाले सञ्चालन गर्ने उत्पादन मुलक सम्बन्धी व्यवसायलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

## संस्था दर्ता गर्ने आधार तथा मापदण्ड

३. **बसोबासको आधार** : बसोबासको आधारमा संस्था दर्ता गर्न संयुक्त रुपमा आवेदन गर्ने अलग अलग परिवारका कम्तिमा ३० जना प्राकृतिक व्यक्तिहरुको निम्नानुसारका कागजातहरु पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ख) हालसालै खिचिएको पासपोर्ट साइजको एक एक प्रति फोटो ।

(ग) कार्यक्षेत्रभित्र बसोबास गरेको तर प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नागरिकता भएको आवेदकहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिको साथमा कार्य क्षेत्रभित्र बसोबास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि ।

(१) परिवार सहितको बसाई सराई गरी आएको भए सो को प्रमाण पत्र ।

(२) बैवाहिक सम्बन्धका आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित ।

(३) घर भएको प्रमाणित गर्न जग्गाधनी पुर्जाको प्रतिलिपी र चालु आ.व. को सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि ।

(४) विगत दुई वर्ष देखि सम्बन्धित कार्य क्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने नविकरण सहितको व्यवसाय इजाजत प्रमाणपत्र र कर तिरेको प्रमाण पत्रको प्रतिलिपिहरु ।

(५) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्रको प्रतिलिपि, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्यक्षेत्रमा वहालमा बसोबास गरेको व्यहोरा प्रमाणित हुने वडा कार्यालयले गरेको बढीमा १ महिना भित्रको सिफारिश।

(६) आमा, बाबु, श्रीमान, श्रीमती र छोराछोरी बाहेक अन्यको हकमा एकाघर संगोलमा रहेको नाता समेत खुल्ने वडा कार्यालयको सिफारिस ।

(१) परिवार सहितको बसाई सराई गरी आएको भए सो को प्रमाण पत्र ।

(२) बैवाहिक सम्बन्धका आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित ।

(३) घर भएको प्रमाणित गर्न जग्गाधनी पुर्जाको प्रतिलिपी र चालु आ.व. को सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि ।

(४) विगत दुई वर्ष देखि सम्बन्धित कार्य क्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने नविकरण सहितको व्यवसाय इजाजत प्रमाणपत्र र कर तिरेको प्रमाण पत्रको प्रतिलिपिहरु ।

(५) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्रको प्रतिलिपि, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्यक्षेत्रमा वहालमा बसोबास गरेको व्यहोरा प्रमाणित हुने वडा कार्यालयले गरेको बढीमा १ महिना भित्रको सिफारिश ।

(६) आमा, बाबु, श्रीमान, श्रीमती र छोराछोरी बाहेक अन्यको हकमा एकाघर संगोलमा रहेको नाता समेत खुल्ने वडा कार्यालयको सिफारिस ।

(घ) बसोबासका आधारमा संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरु मध्ये कम्तिमा ८० प्रतिशत आवेदकहरुको स्थायी बसोबास प्रस्तावित संस्थाको कार्यक्षेत्र भित्र हुनु पर्नेछ । यो अनुपात संस्थाले सधै कायम राख्नु पर्नेछ ।

४. **संस्थाको नाम सम्बन्धी मापदण्ड** :

(१) संस्थाको नाममा “बैंक”, “फाइनान्स”,“डेभलपमेण्ट” तथा “वित्तिय संस्था” वा “कम्पनी” जनाउने शब्दहरु प्रयोग गर्न पाईने छैन । यस अगाडि यस्तो नाम राखी संस्था दर्ता भएको भए कार्यालयले यस्तो नाम परिवर्तन गर्न निर्देशन दिईनेछ । कार्यालयको निर्देशन पालना गर्नु संस्थाको जिम्मेवारी हुनेछ ।

(२) संस्था दर्ता गर्दा तारकेश्वर नगरपालिका भित्र एउटा नामको एक मात्र संस्था दर्ता गर्न सकिनेछ।

(३) संस्थाको प्रस्तावित नामका लागि निवेदन सहित अग्रिम स्वीकृति लिनु पर्नेछ। प्रस्तावित नाममा ३ दिन भित्रमा प्रस्तावित नामको संस्था दर्ताका लागि सम्बन्धित कार्यालयमा निवेदन पेश गरीसक्नुपर्नेछ। तोकिए बमोजिमको समय नाघेपछि सो नाम अरुले प्रयोग गर्न सक्नेछन्।

(४) कुनै निकाय वा समूह वा व्यक्तिवाट प्रवर्द्धित भनी उल्लेख गरिएको संस्था दर्ता गरिने छैन। यस्तो शब्दको प्रयोग संस्था संचालनको कुनै पनि चरणमा प्रयोगमा ल्याउन पाइने छैन।

(५) तोकिएको भौगोलिक कार्यक्षेत्र भन्दा ब्यापक कार्यक्षेत्र जनाउने नाम राखी संस्था दर्ता गरिने छैन।

(६) संचालनमा रहेका अन्य संस्थाहरुको नामको अगाडी वा पछाडी उपसर्ग वा प्रत्यय वा अन्य शब्द जोडी संस्था दर्ता गरिने छैन।

(७) संस्थाको नाम देवनागरी लिपीमा हुनु पर्नेछ। अनुवाद गरी अंग्रेजी र नेपालीमा फरक नाम उल्लेख गर्न पाईने छैन। प्रस्तावित संस्थाको नाम अर्थ खुल्ने गरी कम्तिमा दुई अक्षरको हुनु पर्नेछ। नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्न सकिने छैन। संस्थाको नाममा सहकारी र लिमिटेड शब्दको प्रयोग अनिवार्य हुनेछ।

५. **शेयर पूँजी सम्बन्धी मापदण्ड** :

(१) संस्थाले जारी गर्ने कूल शेयरपूजीको रकम संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ।

(२) संस्था दर्ता गर्न आवेदन गर्दा कूल शेयर पुँजी उल्लेख गर्नु पर्नेछ।

(३) प्रस्तावित सदस्यहरुले खरिद गरेको शेयर पुँजीको नामनामेशी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नु पर्नेछ।

(४) संस्था दर्ताको बेला चुक्ता शेयर पुँजीको रकम कूल शेयर पुँजीको कम्तिमा ५० प्रतिशत हुनुपर्नेछ।

(५) तत्काल बस्ने साधारण सभाबाट अनुमोदन गराउने गरी समितिको निर्णयले संघ संस्थाको शेयर पुँजी बृद्दि गर्न सकिनेछ। शेयर पुँजी बृद्दिको निर्णयको जानकारी सम्बन्धित कार्यालयमा गराउनु पर्नेछ।

# परिच्छेद-३

## विविध

६. **सहकारी संस्था दर्ता गर्दा पालना गर्नुपर्ने प्रावधानहरु** : (१) तारकेश्वर नगरपालिका सहकारी ऐन, २०७६ को दफा ५, ६ र ७ को प्रयोजनको लागि सरोकारवालाहरुले संस्था दर्ताका लागि पेश गरेका कागजातमा देहायका कुराहरु उपर बिचार गरी दर्ता अधिकारी वा निजबाट अधिकार प्रप्त अधिकारीले दर्ता स्वीकार वा अस्वीकार गर्न सक्नेछ। दरखास्त साथ निर्दिष्ट प्रकृया पुग्नको लागि निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछः-

(क) प्रस्तावित संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको तारकेश्वर नगरपालिकाको सहकारी नियमावली, २०७८ को अनुसूची-१ बमोजिमको ढाँचामा रु १०।- को टिकट टाँस भएको निवेदन।

(ख) प्रस्तावित संस्थाको २ प्रति सक्कलै विनियम। विनियमको प्रत्येक पृष्ठको शिर पुछारमा तदर्थ संचालक समितिका प्रत्येक पदाधिकारीले सही गरेको हुनु पर्नेछ।

(ग) तदर्थ संचालक समितिका पदाधिकारीहरुले प्रत्येक पृष्ठमा हस्ताक्षर गरेको प्रस्तावित संस्थाको २ प्रति सम्भाव्यता अध्ययन प्रतिवेदन र व्यवसायीक कार्ययोजना।

(घ) प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयको तदर्थ समितिको अध्यक्षले प्रमाणित गरेका प्रतिलिपिहरु १/१ प्रति।

(ङ) संस्थाको हकमा आवेदन गर्ने कम्तिमा भिन्न परिवारका ३० जना व्यक्तिहरुको तिनपुस्ते विवरण, आवेदक सदस्यहरुले लिएको शेयरको संख्या, रकम खुलेको विवरणर र हस्ताक्षर संलग्न भएको निर्धारित ढाँचाको विवरण।

(च) संस्था दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहित आवेदक सबैले हस्ताक्षर गरेको सक्कल अधिकारपत्र।

(छ) प्रारम्भिक भेलाको निर्णय अनुसार शेयर र प्रवेश शुल्क बापत उठेको रकम तदर्थ समितिको कुनै पदाधिकारीको नाममा नजिकको कुनै बैकमा जम्मा गरेको भौचर र रकम जिम्मा लिने व्यक्तिले गरेको सक्कल भर्पाई, शेयर र प्रवेश शुल्क वापतको रकम संस्थाको आफ्नै खातामा जम्मा नगरिए सम्म प्रयोगमा ल्याउन पाईने छैन। यसका लागी नगरपालिकाबाट संस्थाको नाममा रकम नसारेसम्म

आवश्यकता अनुसार शर्तनामा गराउने वा बैंक खाता रोक्का समेत गर्न गराउन सकिनेछ।

(ज) संकलित शेयर पुँजिको रकम कूल शेयर पुँजीको कम्तिमा ५० प्रतिशत हुनुपर्नेछ । सो सिमा भित्र नरहेमा सहकारी कार्यालयले संकलित शेयर पुँजीको आधारमा कूल शेयर पुँजी कायम गर्न सक्नेछ।

(झ) तदर्थ संचालक समितिका पदाधिकारीहरुको हालसालै खिचेको फोटो र हस्ताक्षर सहितको ३ पुस्ते विवरण।

(ञ) आवेदकहरुको निम्न विषयहरु समेटिएको निर्धारित ढाँचामा हस्ताक्षर सहितको स्वघोषणाको पत्रः

(१) पहिले कुनै अन्य सहकारी संस्थामा संलग्न रही रकम हिनामिना गरी कारवाहीमा नपरेको,

(२) बैंक, वित्तिय संस्थाको कारोबारमा कालो सूचीमा नपरेको, सहकारी संस्था दर्ता गर्न चाहने सदस्यहरुले अन्य बैक तथा वित्तिय संस्थावाट कर्जा लिई कर्जा चुक्ता नगरेको कारणले कर्जा सुचना केन्द्र लिमिटेडको कालो सुचिमा नपरेको भन्ने सम्बन्धमा उक्त केन्द्रमा सम्बन्धित सहकारी कार्यालयले बुझि दर्ताको कारवाही अगाडी बढाउनेछ।

(३) प्रस्तावित आवेदकहरु नगरपालिका भित्र रहेका समान प्रकृतिको अर्को संस्थामा सदस्य नरहेको,

(४) प्रस्तावित संस्थाको प्रकृतिको अन्त सहकारी संस्थाको संचालक वा पदाधिकारीको रुपमा आवद्ध नभएको,

(५) सहकारीको मूल्य मान्यता, सिद्धान्त एवं सहकारी ऐन नियम तथा संस्थाको स्वीकृत विनियम बमोजिम सहकारी संस्था संचालन गर्न मञ्जुर भएको।

(२) सहकारी शाखाले संस्था दर्ता गर्दा निम्न विधिहरु अपनाउनेछः

(क) आवश्यक कागजात सहित सबै विवरण स्पष्ट भएको पाइएमा दरखास्त लिई दर्ता प्रकृया अघि बढाउने, सबै प्रमाणका प्रतिलिपिहरु हालसालै प्रमाणित गरिएको हुनुपर्नेछ।

(ख) प्राप्त दरखास्त शाखा प्रमुख वा निजले तोकेको कर्मचारीले जाँच गरी सकेपछि मात्र कार्यालयमा दर्ता गरी प्रकृयामा राखिनेछ।

(ग) कागजात नपुग भएमा वा कुनै प्रकृया पुरा भएको नपाइएमा सो पुरा गरी पेश गर्न आवेदकहरुलाई जानकारी गराउने।

(घ) सहकारी संस्था दर्ता गर्न निवेदन साथ पेश गर्नु पर्ने कागजात  र दर्ता प्रकृयाको विषय समेत समावेश गरी नगरपालिकामा सबैले देख्ने गरी नागरिक बडापत्र राख्ने।

(ङ) संस्था दर्ताको लागि पेश भएका कागजातहरुको अध्ययन र दर्ता गर्न आउने प्रस्तावित संस्थाका पदाधिकारीहरुसँग जानकारी लिदा पेश भएका विवरण र कागजातको अतिरिक्त दर्ता गर्ने अधिकारीले थप कुरा बुझ्न आवश्यक देखेमा स्थलगत अध्ययन नगर क्षेत्रमा अनिवार्य गरी गराई थप जानकारी लिन सकिनेछ।

(च) नगरपालिका क्षेत्र भित्र दर्ता हुने प्रस्तावित सहकारी संस्थाको तर्फबाट पेश भएको संभाव्यता अध्ययन प्रतिवेदनको आधारमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश भएपछी मात्र संस्था दर्ता प्रकृया अघि बढाईनेछ। स्थलगत अध्ययनमा खटिने कर्मचारीलाई आवश्यक सूचना तथा विवरण उपलब्ध गराउने जिम्मेवारी प्रस्तावित संस्थाको सबै आवेदकहरुको हुनेछ।

(छ) माथि उल्लेखित प्रकृया नपुगेका आवेदनहरु अस्वीकार गर्न सकिनेछ।

(३) सहकारी कार्यालयबाट गरिने स्थलगत अध्ययन प्रतिवेदनमा समावेश गरिनु पर्ने मुख्य मुख्य विषयहरुः

(क) संस्थाको उद्देश्य तथा कार्यक्षेत्रका हिसाबले त्यस प्रकृतिको सहकारी संस्थाको आवश्यकता रहे नरहेको र समुदायमा आधारित भै संचालन हुन सक्ने, नसक्ने पहिचान गर्ने।

(ख) संस्था दर्ता गर्न चाहने समूहमा विभिन्न जात, जाति, धर्म, वर्ग, महिलाको सहभागिता के कति छ ? के कति

सहभागिता हुन सक्छ वा सक्थ्यो, विचार गरी सकभर समावेशी बनाउने र प्रस्तावित संचालक समितिमा महिला तथा पिछडिएको वर्गको प्रतिनिधित्व गराउने प्रयास गरिए नगरिएको ।

(ग) प्रस्तावित संस्था स्थापना गर्ने सदस्यहरुको ज्ञान, शिप र क्षमताले प्रस्तावित सेवा प्रदान गर्न वा बस्तु उत्पादन गर्न सक्ने आधारहरु भए/नभएको ।

(घ) प्रस्तावित सहकारी संस्थाबाट वस्तु उत्पादन वा सेवा प्रवाहको लागि सो व्यवसाय संचालन गर्न सोही स्थानमा आवद्ध सदस्यहरुसँग सो प्रकृतिको पेशा, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्ने व्यवसायी, पेशाकर्मी, पर्याप्त भए/नभएको ।

(ङ) स्थापना गर्न लागेको सहकारी संस्थाको उद्देश्य र कार्यसँग संचालक एवं आवद्ध अन्य सदस्यहरुको पेशा व्यवसाय मिल्छ वा मिल्दैन एकिन गर्ने । साथै संस्थामा आवद्ध कति सदस्यसँग सो पेशा वा व्यवसाय गर्न सक्ने पेशाकर्मी, व्यवसायी, व्यक्ति समावेश छन् ? सो हेरेर संस्था स्थापनाको संभाव्यता एकिन गर्ने । उदाहरणः सञ्चार सहकारी संस्था प्रस्तावित भै आएमा सञ्चार क्षेत्रका पेशाकर्मीहरुको संलग्नता छ/छैन ? स्वास्थ्य सहकारी संस्था खोल्न प्रस्ताव भै आएमा स्वास्थ्यकर्मीको संलग्नता छ/छैनन्, कृषि सहकारी खोल्ने प्रस्ताव आएमा कृषकहरु नै आवेदक सदस्य छन्/छैनन् प्रतिबेदनमा खुलाउने।

(च) संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरु प्रस्तावित संस्थाको लागि माग गरेको कार्यक्षेत्र भित्रकै आवेदकहरु हुन होइनन् खुलाउने ।

(छ) सहकारी मार्फत सदस्यहरुको व्यवसायिक क्षमता अभिवृद्धि गरि व्यवसाय प्रवर्द्धन गर्न एकल विषयका प्रारम्भिक सहकारी संस्थाको स्थापना गर्न प्रोत्साहन गर्ने ।

७. **देहायका विषयमा देहायका शर्तहरुको पालना गर्ने गरी प्रारम्भिक सहकारी संस्थाहरु दर्ता गर्न सकिनेछ** :

(क) **स्वास्थ्य सहकारी**ः सम्बन्धित निकायको इजाजत लिने गरी स्वास्थ्य सेवा संचालन गर्ने ।

(ख) **उपभोक्ता सहकारी**ः समुदाय र सदस्यहरुलाई सुपथ मूल्यमा गुणस्तरिय उपभोग्य सामानहरु बिक्री गर्ने ।

(ग) **चिया सहकारी**ः चिया उत्पादन, चिया प्रशोधन उद्योग व्यवसाय संचालन र बजारीकरण सम्बन्धी कार्य गर्ने ।

(घ) **कफी सहकारी**ः कफी उत्पादन, चिया प्रशोधन उद्योग व्यवसाय संचालन र बजारीकरण सम्बन्धी कार्य गर्ने ।

(ङ) **तरकारी तथा फलफुल सहकारी**ः तरकारी तथा फलफूल उत्पादन, तरकारी तथा फलफूल उत्पादन प्रशोधन उद्योग व्यवसाय र बजारीकरण सम्बन्धी कार्य गर्ने ।

(च) **मौरी पालन**ः मौरी पालन, मह भण्डारण र प्रशोधन सम्बन्धी उद्योग व्यवसाय र बजारीकरण सम्बन्धी कार्य गर्ने ।

(छ) **दुग्ध सहकारी**ः पशु पालन, दुग्ध उत्पादन, प्रशोधन उद्योग व्यवसाय र बजारीकरण, पशु विमा ।

(ज) **जुनार सहकारी**ः जुनार उत्पादन, प्रशोधन र विक्री वितरण ।

(झ) **विउँ विजन सहकारी**ः कृषि विउ विजन उत्पादन र विक्री वितरण ।

(ञ) **साना किसान सहकारी/कृषि**ः कृषि उत्पादन, पशुपालन, तरकारी तथा फलफुल उत्पादन, माछा पालन, पंछी पालन, मौरी पालन, कृषि सामाग्री तथा उपभोग्य सामाग्री विक्री वितरण, कृषि उपज प्रशोधन तथा भण्डारण र बचत तथा ऋण परिचालन ।

(ट) **अदुवा सहकारी**ः अदुवा उत्पादन प्रशोधन र विक्री वितरण ।

(ठ) **उखु सहकारी**ः उखु उत्पादन र प्रशोधन ।

(ड) **पर्यटन सहकारी**ः सम्बन्धित निकायबाट इजाजत लिने गरी होटल, लज र रिसोर्ट संचालन वा अन्य पर्यटन व्यवसाय संचालन ।

(ढ) **विद्युत सहकारी**ः विद्युत उत्पादन र विक्रि वितरण ।